विदुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

☎ ०१०-५६००६३
☎ ०१०-५६०४६९

## परामर्शदाता (consultant) इन्जिनियर आवश्यकता सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०१/१८)

नेपाल नगरपालिका संघ र यस विदुर नगरपालिका बीचको समझदारी पत्र अनुसार यस विदुर नगरपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना (MWASH PLAN) निर्माण गर्ने सन्दर्भमा बढीमा ६ महिनाका लागि १ जना परामर्शदाता ( इन्जिनियर) आवश्यक परेकोले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक व्यक्तिहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र यस कार्यालयमा माग बमोजिमको विवरण र यस कार्यालयको नाममा रहेको ने.बै.लि. त्रिशुली शाखामा रहेको खाता नं. ०२६०३००००१००१००००४ मा रकम दाखिला गरेको बैंक भौचर वा कार्यालयमा नगदी रसिद सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैमा यो सुचना प्रकाशित गरिएको छ । उक्त पदहरुको लागि दरखास्त फाराम कार्यालयको Website www.bidurmun.gov.np बाट download गर्न वा कार्यालयमा उपलब्ध हुनेछ ।

तपशिल:

| विज्ञापन नं. | आवश्यक संख्या | पद | आवश्यक न्युनतम योग्यता | परीक्षाको किसिम | परीक्षा दस्तु |
|---|---|---|---|---|---|
| १।०७७।०७८ | १ | परामर्शदाता (consultant) इन्जिनियर | मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल इन्जिनियरिङ विषयमा स्नातक उत्तिर्ण गरेको | छोटो सुची र अन्तर्वार्ता | १०००। |

१. शर्तहरु :

- खानेपानी सरसफाई तथा स्वच्छता (WASH) को क्षेत्रमा कम्तीमा ३ महिनाको अनुभव भएको हुनुपर्छ ।
- परामर्शदाता (इन्जिनियर) सँग आफ्नो एण्ड्रोइड मोबाइल/ट्याब्लेट र ल्यापटप अनिवार्य रुपमा हुनुपर्छ ।
- परामर्शदाता (इन्जिनियर) सँग तथ्यांक संकलनका लागि मोबाइल एप्लीकेशन सम्वन्धी पूर्ण ज्ञान हुनुपर्छ ।
- NWASH-MIS एप्लीकेशन प्रयोग सम्बन्धी ज्ञान भएकोलाई प्राथमिकता दिईनेछ ।

२. कामको विवरण :

- NWASH-MIS एप्लीकेशन का विभिन्न मोड्युलहरु मार्फत खानेपानी तथा सरसफाई योजना निर्माणका लागि आवश्यक सबै तथ्यांकहरु संकलन गर्ने ।
- आयोजनाहरुको प्राथमिकता निर्धारण गरी NWASH को Dashboard मा प्रविष्ट गराउने ।
- खानेपानी, सरसफाई तथा स्वच्छता योजना (MWASH PLAN) निर्माण सम्वन्धी अन्य सम्पूर्ण काम गर्ने ।

३. दरखास्त दिने स्थान : विदुर नगरपालिका कार्यालय, विदुर, नुवाकोट ।

४. दरखास्त दिने अन्तिम मिति : २०७८।०२।१

५. दरखास्त साथ संलग्न कागजातहरु : निवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातका प्रतिलिपि :

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- अनुभव खुल्ने कागजातका प्रतिलिपि, २ प्रति पासपोर्ट आकारको फोटो र बायो डाटा

६. सेवा सुविधा : वाशप्लान तयारी खर्च निर्देशिकामा उल्लेख भए बमोजिम ।

७. सम्पर्क मिति : २०७८।०२।२

८. परीक्षा मिति : सम्पर्क मितिका दिन जानकारी गराईने छ ।

विस्तृत जानकारीको लागि कार्यालयको वेबसाइट https://www.bidurmun.gov.np वा कार्यालय सम्पर्क नं. ०१०-५६०४६९ मा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकिय अधि

Scanned with CamScanner